नेपाल सरकार

विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४

च.नं. :- १७९

मिति :- वि.सं. २०८३/०७/२०

ने.स. :- ११४६ कौलागा,१२ शुक्रवार

विषयः २०८३ मंसिर महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा।

श्री सम्पादक/प्रकाशकज्यू

आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा समावेश भएका पत्रपत्रिकाहरु (सबै)।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा परेका पत्रपत्रिकाले २०८३ साल मंसिर महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) र देहाय बमोजिम गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहायः

१. २०८३ मंसिर महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन, सोको मासिक दररेट, भुक्तानी र सोसम्बन्धी अन्य व्यवस्था छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) मा उल्लेख भए अनुसार हुनेछ।

२. ऐ. कार्यविधि (दोस्रो संशोधन, २०८३ समेत) को दफा ८(१) मा प्रेस काउन्सिलको वर्गीकरणमा परेका र विज्ञापन बोर्डमा सूचीकरण तथा नविकरण भएका पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन सामग्री प्रकाशन गर्न सक्ने व्यवस्था रहेकोले पत्रपत्रिकाले भुक्तानी माग गरेको समयममा विल बीजकसंगै विज्ञापन बोर्डमा सूचीकरण/नवीकरण भएको प्रमाणपत्र समेत अनिवार्य पेश गर्नु पर्नेछ। विज्ञापन सामग्री प्रकाशन अगावै बोर्डमा सूचीकरण/नवीकरण नभएका पत्रपत्रिकालाई भुक्तानी हुने छैन।

इमेलः info@adboard.gov.np फोन नंः +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

३. ऐ. कार्यविधि (दोस्रो संशोधन, २०८३ समेत) ले पत्रपत्रिका वर्गीकरणमा परेको **स्तर** (राष्ट्रियस्तर, प्रदेशस्तर र स्थानीयस्तर), **प्रकार** (दैनिक, अर्ध साप्ताहिक/साप्ताहिक, पाक्षिक, मासिक/द्वैमासिक/त्रैमासिक) र **वर्ग** (क, ख, ग र घ) अनुसार फरक/फरक मासिक दर कायम गरेकोले सोही बमोजिम विल बीजक पेश गर्नुपर्नेछ।

४. ऐ. कार्यविधिको (दोस्रो संशोधन, २०८३ समेत) दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

५. ऐ. कार्यविधि (दोस्रो संशोधन, २०८३ समेत) ले एउटा स्थायी लेखा नम्बरबाट एक भन्दा बढीपत्रपत्रिका सञ्चालन/प्रकाशन भएको भए एकमात्र पत्रिकालाई लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको रकम भुक्तानी गर्ने व्यवस्था गरेकोले यस कानूनी व्यवस्था अनुसार मात्र भुक्तानी माग गर्नुपर्नेछ।

६. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८३ साल मंसिर महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नुपर्नेछ।

७. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक फरक अंकमा नदोहोऱ्याई फरक फरक विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

८. २०८३ मंसिर महिनाको लोककल्याणकारी विज्ञापन प्रकाशन गरिएका पत्रिका, सोको विल २०८३ पुष ७ गतेभित्र अनिवार्य रुपमा बोर्ड/सम्बन्धित हुलाक कार्यालयमा भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ:

श्री हुलाक निर्देशनालय (सबै)

श्री जिल्ला हुलाक कार्यालय (सम्बन्धित सबै)

(उल्लिखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन।)

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रकृयामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



जननी जन्मभूमश्च स्वर्गादपी गरीयसी

नेपाल सरकार

विज्ञापन बोर्ड

महिला हिंसा अन्त्य गरौं



- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार

विज्ञापन बोर्ड

बाल अधिकारको रक्षा गरौं



- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

एचआईभी एड्सबाट बचौं र बचाऔं

- एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:
  - असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
  - लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।



नेपाल सरकार

विज्ञापन बोर्ड

मानव अधिकारको सम्मान गरौं

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- मानव अधिकारको उल्लंघन भएमा सम्बन्धित निकायमा उजुरी गरौं।



नेपाल सरकार

विज्ञापन बोर्ड

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

विज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,
- सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

क्षयरोगबाट बचौं र बचाऔं





- लामो समयसम्म खोकी लागेमा, खकारमा रगत देखिएमा, तौल घट्ने, ज्वरो आउने जस्ता लक्षण देखिएमा स्वास्थ्य जाँच गराऔं,
- क्षयरोग सरुवा रोग हो, समयमै पहिचान र नियमित उपचारबाट निको हुन सक्छ,
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार क्षयरोगको औषधि नियमित सेवन गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं

- हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं साँस्कृतिक स्थलहरुको भ्रमण गरौं,
- होमस्टे, रैथाने खाना र स्थानीय संस्कृतिको प्रवर्द्धन गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- आन्तरिक पर्यटन मार्फत रोजगारी सिर्जना गरौं।



नेपाल सरकार

विज्ञापन बोर्ड

विपतको पूर्व-तयारीमा जुटौं

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता जोखिमबाट जोगिन:

- भवन तथा भौतिक संरचना निर्माण गर्दा भवन सम्बन्धी मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं।



नेपाल सरकार

विज्ञापन बोर्ड

बाह्य विज्ञापन राख्दा ध्यान दिऔं



नेपाल सरकार

विज्ञापन बोर्ड

नेपाल सरकारको स्वास्थ्य बीमा योजना
अब घरबाटै सजिलै लिन सकिने

- स्वास्थ्य बीमा कार्यक्रममा सहभागी होऔं, समयमै स्वास्थ्य बीमा गरौं,
- स्वास्थ्य बीमामा आबद्ध हुन अब कार्यालय धाइरहनु



वा लाइन बसिरहनु पर्दैन, मोबाइल वा कम्प्युटरबाटै अनलाइन दर्ता गर्न सकिन्छ।

दर्ताका लागि: eportal.hib.gov.np अथवा उल्लेखित QR Scan गरी गर्न सकिन्छ।

नेपाल सरकार

विज्ञापन बोर्ड